

के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन २७ गते आइतबार ❑ 10 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## नयाँ सरकारप्रति जनतामा नयाँ आशाको सञ्चार भएको छ : नेता खनाल

**रासस**
काठमाडौं, २६ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले मुलुकमा नयाँ वाम-लोकतान्त्रिक गठबन्धनको सरकारप्रति जनतामा नयाँ आशाको सञ्चार भएको बताउनुभएको छ।

पार्टी निकट अखिल नेपाल महिला सङ्घद्वारा शनिबार आयोजित कार्यक्रममा उहाँले राष्ट्र निर्माणमा बहुसङ्ख्यक जनता कम्युनिष्ट नेतृत्वको पक्षमा रहेको अवस्थामा वाम-लोकतान्त्रिक शक्तिहरूको नयाँ सरकार बनेको बताउनुभयो । समकालीन राजनीतिक परिस्थितिमा वामपन्थी ध्रुवीकरणको सम्भावना बढेको बताउँदै नेता खनालले जनचाहना र मुलुकको आवश्यकतालाई प्रतिविम्बित गर्न आफ्नो पार्टी पनि सरकारमा सहभागी भएको स्पष्ट पार्नुभयो । नयाँ सरकार बनेपछि मुलुकका वामपन्थी, देशभक्त, लोकतान्त्रिक, प्रगतिशील र समाजवादी शक्तिसमेत यो सरकारप्रति सकारात्मक देखिएको उहाँको भनाइ थियो। वाम शक्तिको एकता गर्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "एक वर्षअघि बनेको गठबन्धनको सरकार टुटेको छ, वामपन्थी शक्तिहरूको पहल र नेतृत्वमा गठित सरकारलाई पार्टीको तर्फबाट स्वागत र समर्थन गर्दछु ।" पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका नेता खनालले संसद्मा कुनै पनि पार्टीको बहुमत नभएकाले गठबन्धन सरकार बनाउनुको आवश्यकता औँल्याउँदै नयाँ गठबन्धनलाई दायाँबायाँ गर्ने छुट नभएको प्रष्ट पार्नुभयो। उहाँले विगतको गठबन्धनले अघि सारेका नीति, कार्यक्रम र बजेटले जनता तथा राष्ट्रको कुनै पनि आधारभूत समस्यालाई सम्बोधन गर्न नसकेको आरोप लगाउँदै वामपन्थी एकताको माग दिनप्रतिदिन बढिरहेको जिकिर गर्नुभयो । विश्वको परिस्थिति अत्यन्त तनावयुक्त बन्दै गएको बताउँदै नेता खनालले भूराजनीतिक शक्तिहरूबीच प्रतिस्पर्धा तीव्र बनिरहेकाले मुलुकको सर्वोपरी राष्ट्रिय हितलाई ध्यानमा राखेर सन्तुलित विदेश नीति अख्तियार गर्नुपर्ने विचार व्यक्त गर्नुभयो। सो अवसरमा सङ्गठन सुदृढीकरणमा योगदान गरेका नेतालाई सम्मानसमेत गरिएको थियो।

## पोखरेली युवा साँस्कृतिक परिवारलाई श्री सर्वज्ञमान विष्णुदेवी संस्कृति पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन



श्री भैरव साँस्कृतिक संरक्षण समिति पोखराले यस वर्षको श्री सर्वज्ञमान विष्णुदेवी संस्कृति पुरस्कार-२०८० पोखरेली युवा साँस्कृतिक परिवारलाई प्रदान गरको छ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले नगद १ लाख १ रुपैयाँ, दोसल्ला र सम्मानपत्रसहित परिवारका अध्यक्ष उपेन्द्र पौडेललाई शनिबार आयोजित कार्यक्रममा सम्मान गरेका थिए । प्रमुख आमन्त्रित मेयर धनराज आचायले पोखरेली युवा साँस्कृतिक परिवार आफैमा पोखराको ब्राण्ड हो, परिवारले पोखराको गरिमा उचो बनाएको उनको धारणा थियो । वाङ्मयिक क्षेत्रको राजधानी पोखरा त थिदै थियो आगमी चैत्र ४ गते पर्यटनको राजधानी घोषणा गर्ने तयार छौं भनें। मेयर आचार्यले महेन्द्रपुलमा रहेको सार्वजनिक पुस्तकालय र आर्ट ग्यालरी पृथ्वीचोकको 'पोखरा घर'मा रहने जानकारी दिए। १० करोड लागतमा १८ महिनाभित्र पोखरा घर निर्माण हुने र त्यसको फागुन २७ गते आइतबार शिलान्यास गर्ने जानकारी दिए।

परिवारका अध्यक्ष उपेन्द्र पौडेलले फुर्किदा धेरै नबोल्नु भने झै खुशी बाँडे बढ्ने हुनाले भैरव समितिले पोयुसाँपलाई भरोसा गरेकोमा आभार व्यक्त गरे। उनले ४६ वर्षसम्म वाङ्मयिक संस्था चलाइरहँदा आज पोखराको मिनी एकेडेमी भएको प्रमाणित भएको बताए।

विक्रमाब्द २०३४ सालमा प्रसिद्ध गायक सरोजगोपाल बज्राचार्य अध्यक्ष र साहित्यकार सरुभक्त सचिव रहेको पोखरेली युवा साँस्कृतिक परिवार गठन भएको थियो । 'साहित्य, कला र सङ्गीतको उत्थान : हाम्रो प्रण' को उद्घोषका साथ स्थापित पोयुसाँपले राजधानी बाहिर रहेर वाङ्मयिक क्षेत्रमा ४६ वर्षको योगदान दिएको छ। संस्कृतिकर्मी तीर्थ श्रेष्ठले २०५५ सालमा स्थापित क्षेत्रीयस्तरको पुरस्कारबाट कृष्णबहादुर श्रेष्ठ, प्रज्ञारत्न बज्रांचार्य, चेतन कार्की सम्मानित भएको जनाए। २०६३ बाट प्रत्येक तिन वर्षमा प्रदान गर्दै आएको यो पुरस्कारबाट यस अघि फत्तेमान राजभण्डारी, सत्यमोहन जोशी, अम्बर गुरुङ, प्रेमध्वज प्रधान, जगमान गुरुङ सम्मानित भइसकेका छन् । सर्वज्ञमान प्रधानाङ्ग शास्त्रीय संगीत साधक तथा संस्कृतिकर्मी हुन्। पोखरामा देखाइने भैरवनृत्य सञ्चालनमा वाद्यवादक, राग गायक एवम् गुरुका रूपमा उनको भूमिका उल्लेखनीय थियो । संस्कृति र संगीतको क्षेत्रमा सक्रिय संस्कृतिकर्मी, साधक, सेवी र संस्थाहरूको सम्मान गर्ने उद्धेश्यले आफू र आफ्नी धर्मपत्नीको नाममा उनले आफू जिवित रहँदा नै सर्वज्ञमान विष्णुदेवी संस्कृति पुरस्कार २०५५ सालमा नै स्थापना गरी सञ्चालनको अभिभारा श्री भैरव साँस्कृतिक संरक्षण समितिलाई दिएको जानकारी तीर्थ श्रेष्ठले आफ्नो मन्तव्यमा राखेका थिए।

पोखरालाई साहित्य, कला र सङ्गीतको राजधानी बनाउन विगत ४६ वर्षदेखि अविछिन्न क्रियाशील पोखरेली युवा साँस्कृतिक परिवारलाई सम्मान गर्न पाउँदा भैरव साँस्कृतिक संरक्षण समिति नै सम्मानित भएको महससु गरेको समितिका अध्यक्ष तीर्थमान प्रधानाङ्गले बताए । सम्मानित संस्था पोखरेली युवा साँस्कृतिक परिवारलाई सल्लाहकार कृष्णदेव प्रधानाङ्ग, पुरस्कार योग्य प्रतिभा चयन समितिका संयोजक तीर्थ श्रेष्ठ, प्राज्ञ हरिदेवी कोइराला, सर्वज्ञमानकी सुपुत्री शारदा वैद्य, वडा नं.२ का वडा अध्यक्ष दिवसमान प्रधानाङ्ग लगायतका व्यक्तित्वले शुभकामना दिएका थिए । श्री सर्वमान विष्णुदेवी संस्कृति पुरस्कार २०८० पुरस्कार योग्य प्रतिभा समितिमा संयोजक तीर्थ श्रेष्ठ, सदस्यहरूमा कृष्णबहादुर श्रेष्ठ, सुरेन्द्रमान विजुक्छे, तीर्थमान प्रधानाङ्ग र कृष्णदेव प्रधानाङ्ग रहेका थिए। पुरस्कार सम्मान अर्पण समारोह श्री भैरब साँस्कृतिक संरक्षण समितिका अध्यक्ष तीर्थमान प्रधानाङ्गको अध्यक्षतामा सम्पन्न भएको थियो । उपाध्यक्ष कृष्णबहादुर श्रेष्ठले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रम सञ्चालन सचिव सुरेन्द्रमान विजुक्छेले गरेका थिए।

## छोरीको कलेजोले बाबुले नयाँ जीवन पाएपछि...

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

पोखरा महानगरपालिका-३० खुदीका ६४ वर्षीय वासुदेव लामिछानेलाई छोरीको कलेजोले नयाँ जीवन दिएको छ।

विसं २०७५ तिर कलेजोमा समस्या देखिएको थियो । उहाँले चार वर्ष औषधि खाएर रोग निको पार्ने प्रयास गरे पनि विस्तारै औषधिले काम गर्न छाडेको थियो। एक वर्षदेखि उहाँलाई रोगले बढी च्याप्न थाल्यो र अवस्था गम्भीर भयो । लामिछानेको कलेजो क्षतिग्रस्त भएको र राम्रोसँग काम नगरेकाले चिकित्सकले अन्तिम चरणको उपचारका रूपमा कलेजो प्रत्यारोपण गर्न सुझाव दिए।

कमजोर आर्थिक अवस्थाका कारण छिमेकी मुलुक गएर उपचार गर्न उहाँको अवस्था थिएन । परिवारकै सदस्यबाट प्रत्यारोपण गर्नुपर्ने र यसबाट खर्चसमेत कम हुने भएकाले उहाँले परिवारसँग सल्लाह गर्नुभयो। तीन छोरी र दुई छोराका बाबु लामिछानेको कलेजो प्रत्यारोपणका लागि परिवारमा छोरा-बुहारीसँग रक्त समूह मिलेन। रोगले दिनानुदिन च्याप्दै जानु र प्रत्यारोपणका लागि उपयुक्त व्यक्ति नपाउँदा लामिछानेले जीवनको आश मारिसक्नुभएको थियो।

अन्तिममा उहाँकी जेठी छोरी पोखरा-३० पावरहाउस बस्ने रञ्जना लामिछाने बरालको रक्तसमूह मिलेर प्रत्यारोपण गर्न मिल्ने भयो। त्यसका रञ्जनाको घरबाट समेत स्वीकृति मिल्यो। रञ्जना बाबुको जीवन बचाउन जोखिम उठाउनुभयो र आफ्नो कलेजो बाबुलाई दिन तत्कालै तयार हुनुभयो । साहसपूर्वक आफ्नो कलेजो दिएर बुबालाई नयाँ जीवन दिन रञ्जना तयार भएपछि लामिछानेको गत आइतबार भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा सफलतापूर्वक कलेजो प्रत्यारोपण गरिएको छ। कलेजो रोगका कारण थलिएर जीवनमरणको दोसाँधमा उभिनुभएका लामिछानले छोरीले कलेजो दिएपछि पुनर्जीवन पाउनुभएको छ । छोरी रञ्जनाले आफ्नो कलेजो दिन तयार हुनुभएको र अहिले बाबुछोरी दुवैको स्वास्थ्य अवस्था राम्रो रहेको छोरा सुशीलले बताउनुभयो।

"बुबाको कलेजो प्रत्यारोपण गर्नु नै थियो, तर मिलिरहेको थिएन, त्यसले गर्दा बुवालाई बचाउन सकिँदैन कि भनेर हामी चिन्तित थियौँ", सुशीलले भन्नुभयो, "अन्तिममा दिदीले दिन मिल्ने भएपछि कलेजो सफलतापूर्वक प्रत्यारोपण भएको छ, अहिले बुवा र दिदी दुवै जना स्वस्थ हुनुहुन्छ, कुनै समस्या छैन।" आफ्नो कलेजो बुवासँग मिल्नु र प्रत्यारोपण कार्य सफल भएपछि रञ्जना पनि खुसी हुनुहुन्छ । बाबुआमाका लागि जस्तोसुकै अप्ठ्यारो र दुःखमा साथ दिनुपर्ने छोराछोरीको कर्तव्य आफूले पूरा गर्न पाउँदा धेरै खुसी लागेको दिदीले भनेको सुशीलले बताउनुभयो। दिदीलाई एक हप्ता र बुवालाई दुई हप्ताजति अस्पतालमा राख्नुपर्ने चिकित्सकले बताएको जानकारी दिनुभयो।

## पछिल्लो पाँच वर्षमा साइबर अपराधका घटना छ गुणाले बढे

**रासस**
काठमाडौं, २६ फागुन

पछिल्लो पाँच वर्षमा साइबर अपराधका घटना छ गुणा बढीले वृद्धि भएको पाइएको छ। नेपाल


बाँकी अन्तिम पृष्ठमा ▶▶


## नेपाल राष्ट्रिय शिक्षक संगठन अन्नपूर्णको अध्यक्षमा भण्डारी

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

नेपाल राष्ट्रिय शिक्षक संगठन अन्नपूर्ण गाउँपालिकाको पाँचौं गाउँ परिषद् तथा तेस्रो अधिवेशन हरि भण्डारीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गर्दै सम्पन्न भएको छ।

नयाँ कार्यसमितिको खुला उपाध्यक्षमा हरि केसी, महिला उपाध्यक्षमा इन्द्रा गुरुङ र सचिबमा किर्तीराज ढकाल निर्वाचित भए। यसै गरी कोषाध्यक्षमा कृष्ण प्रसाद भण्डारी, सहसचिबमा सुनिता पौडेल, सह कोषाध्यक्षमा सुजन कुमारी अर्याल निवाएचित भएका छन् । अधिवेशनले कार्यसमिति सदस्यहरू र जिल्ला अधिवेशन प्रतिनिधि समेत निर्वाचित गरेको कुरा निर्वाचन मण्डलका संयोजक तिर्थराज ढकालले जानकारी दिए । कार्यक्रममा प्रमुख अतिथिका रूपमा बोल्दै नेपाल



राष्ट्रिय शिक्षक संगठन, गण्डकी प्रदेशका अध्यक्ष रोमहर्षण पौडेलले शिक्षकहरूले आफ्नो पेसामा गर्व गर्दै विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धि गर्न सके आफ्ना हक र अधिकार माग्न अरू कसैसँग डराउन नपर्ने बताए। उनले भने, "शिक्षकहरूले आफ्ना पेसागत माग र मुद्धामा सामूहिक सौदाबाजी गर्ने ट्रेड युनियन प्रदत्त अधिकारमा समेत अंकुश लगाउने कार्य कहीं कतैबाट हुने गरेको मैले पनि यदाकदा सुनेको छु तर कसैले पनि यो अधिकार खोसेर खोसिँदैन।

शिक्षकहरू ढुक्क भएर आफ्ना अधिकार माग्न र कर्तव्य पूरा गर्न अगाडि बढ्न सक्नुहुन्छ ।" विशेष अतिथिका रूपमा अन्नपूर्ण गाउँपालिका उपाध्यक्ष चन्द्रकला अधिकारीले सम्बोधन गरेको सो कार्यक्रममा अतिथिको रूपमा गाउँपालिका शिक्षा, युवा र खेलकुद शाखाका प्रमुख बलराम भुगाइँ, संगठनका गण्डकीका सदस्य उमनाथ गौतम, कास्कीका उपाध्यक्ष हर्कबहादुर लामिछाने, बसन्धरा पौडेल, सचिव तिर्थराज ढकाल, कोषाध्यक्ष यमनाथ सुवेदी, सचिवालय सदस्य दामोदर तिमिल्सिना समेतले आफ्नो भनाइ राखेका थिए । सोही कार्यक्रममा लामो समय शिक्षा सेवा गर्दै भर्खरै सेवा निवृत्त शिक्षक महेन्द्र बहादुर कुँवर र संगठनका नवनिर्वाचित गण्डकी प्रदेश अध्यक्ष रोमहर्षण पौडेललाई सम्मान गरिएको थियो । परिषद् भेलाले अध्यक्षको साङ्गठनिक प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन सुझाबसहित पारित गरेको छ। नेपाल राष्ट्रिय शिक्षक संगठन, अन्नपूर्ण गाउँपालिका सचिब हरि भण्डारीको सञ्चालन र अध्यक्ष तोरण बहादुर केसीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'खेल्छ गण्डकी' कार्यक्रम मार्फत सुरु भयो 'सबैका लागि टेनिस, संधैका लागि टेनिस'

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा 'खेल्छ गण्डकी' कार्यक्रम मार्फत विपन्न वर्गका बालबालिका लक्षित टेनिस प्रशिक्षण 'सबैका लागि टेनिस, संधैका लागि टेनिस' भन्ने नाराका साथ सुरु भएको छ।

गण्डकी प्रदेश टेनिस संघको समन्वय तथा कास्की जिल्ला टेनिस संघको प्राविधिक सहयोगमा दुई महिना लामो उक्त प्रशिक्षण सुरु भएको हो । पोखरा रंगशालामा शनिबार सुरु भएको उक्त प्रशिक्षण कार्यक्रमको उद्घाटन प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिब श्रीधर शर्माले गरेका छन् । सो अवसरमा बोल्दै सदस्य सचिब शर्माले 'खेल्छ गण्डकी' कार्यक्रम प्रदेशको खेलकुद विकासका लागि एक अभियान रहेको बताउँदै टेनिस खेलाडी उत्पादन गर्न यो प्रशिक्षण कार्यक्रमले सहयोग पुग्ने बताए । उनले भने-"'खेल्छ गण्डकी' कार्यक्रम खेलकुदको क्षेत्रमा अविरल बगिरहने पवित्र अभियान रहेको नदी जस्तै



हो । टेनिसले खेलकुदबाट टाढा रहेकाहरुलाई मैदानमा ल्याएर उल्लेखनिय कार्य गरेको छ । यो चुनौतीपूर्ण कार्य गर्ने टेनिस परिवार धन्यबादको पात्र भएको छ ।" मोवाइलमा रमाउने बालबालिका लाई खेल मैदान सम्म ल्याउनु निकै चुनौतीपूर्ण विषय रहेको जनाउँदै अभिभावकहरुलाई समेत उनीहरु कुशल खेलाडीको रुपमा स्थापित हुन्छन् भन्ने कुराको विश्वास दिलाउन आवश्यक रहेको सदस्य सचिव शर्माले जनाए।

यो कार्यक्रमले खेल संस्कृती र खेलकुद विकासको अभियानमा समेत महत्वपूर्ण रहेको जनाउँदै उनले खेलकुद क्षेत्र बहुआयामिक विषय समेत रहेकोले सबै उमेर समुह र सवै वगएलाई खेलकुदको अभियानमा समेत ल्याउन उत्तिकै प्रभावकारी हुनेमा आफू विश्वस्त रहेको उल्लेख गरे।

खेलकुद क्षेत्र लैङ्गिक समानताको क्षेत्र रहेको बताउँदै खेलकुद क्षेत्र पारदर्शिता र सुशासनतर्फ अघि बढाउन परिषदले अभियानको रुपमा अघि सारेको सदस्य सचिव शर्माले बताउँदै सबै खेल संघहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक रहेको औंल्याए। उनले भने-"सबै खेल संघहरुको सस्थागत सुधार र क्षमता अभिवृद्धि गर्दै खेलकुद क्षेत्रको फलामे अनुशासनलाई कायम गर्दै खुट्टा तान्ने प्रवृतीको अन्त्य हुन आवश्यक छ ।" खेलकुद क्षेत्रमा राज्यको लगानी बढाउन राजनितिक दलहरुलाई दवाव दिने गरी सबैले अभियानको रुपमा अघि बढाउनु पर्ने उनको भनाई थियो।

कार्यक्रममा आफ्ना भनाई राख्दै गण्डकी प्रदेश टेनिस संघका अध्यक्ष बिनोद कायस्थले गण्डकीको टेनिस खेलमा विगतको इतिहासले विपन्न वर्गका बालबालिका बाटै सुरु भएकोले यस कार्यक्रम मार्फत पहिलो पटक सोही बर्गका बालबालिका लाई समेटिएको बताए । उनले भने- "खेल्छ गण्डकी कार्यक्रम एक महत्वपूर्ण कार्यक्रम हो । यो कार्यक्रममार्फत समाजमा पछि परेका बालबालिका लाई टेनिस मैदान सम्म ल्याएर राष्ट्रिय खेलाडी उत्पादन गर्ने लक्ष्य लिएका छौं।"

कार्यक्रममा गण्डकी प्रदेश टेनिस संघका सचिब नविन चालिसे, प्रशिक्षक निरज थापाले समेत आफ्ना भनाई राखेका थिए।

उक्त प्रशिक्षण कार्यक्रममा ६ वर्ष देखि १६ वर्ष सम्मका बालबालिकाहरुलाई दुई महिना प्रशिक्षण दिने कार्यक्रम रहेको छ।

# र्‍यान्डममा आइपुग्यो 'नदीको राजमार्ग'

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

साहित्यकार दीपक समीपको लघुकथा सङ्ग्रह 'नदीको राजमार्ग' को शनिवार पोखरामा परिचर्चा गरिएको छ।

र्‍यान्डम रिडर्स सोसाइटीले आफ्नो १०५ औँ शृङ्खलामा समीपको नदीको राजमार्गमाथि साहित्यकार जनार्दन दाहालको अवधारणापत्रसहित परिचर्चा गरेको हो । कृतिको चर्चा गर्दै दाहालले समीपको नदीको राजमार्गमा नवीन प्रयोगका साथ लघुकथा लेखिएको बताए । दैनिकी, व्यक्तिवृत्त, उपशीर्षकको प्रयोगलगायत नवीन शैलीमा समीपले लघुकथा लेखेका उनको भनाइ थियो। शुक्ला साहित्य सङ्गम, तनहुँका पूर्व अध्यक्षसमेत रहेका दाहालले भने, "समसामायिक विषयवस्तुलाई उठाइएका उनका लघुकथामा मानवीय स्वभाव, समाजको वास्तविकता, विकृत राजनीति, प्रेम र यौन, समस्याग्रस्त मान्छेको चित्र, व्यक्तिगत जीवनका निजी भोगाइ, विसङ्गति र कुरीतिको विरोध जस्ता मुख्य विषयलाई



लघुकथाको केन्द्र बनाइएको छ ।" "लघुकथाकार समीपको सशक्त पक्ष भनेको परम्परागत लघुकथालेखनका शैलीलाई भत्काई नवीन विधिबाट लघुकथालाई अगाडि बढाउनु रहेको छ।" उनले भने, "समीपको लघुकथा लेखनले नेपाली लघुकथाका क्षेत्रमा पृथक् धार निर्माण गर्ने छ।" सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा कथाकार समीपले सुरुमा नाम छाप्ने रहरमै साहित्यमा लागेको र अहिले लेखनलाई जिम्मेवारीका रूपमा स्विकारेको बताए। समाजमा देखेका कुरालाई कथाका रूपमा प्रस्तुत गरेको बताउँदै समीपले लघुकथामा गणितीय शब्दसीमा सिमित रहन नहुने भनाइ राखे । उनले आफ्नो तर्फबाट लघुकथामा दिनुपर्ने कुरा दिएको र अब पाठकको प्रतिक्रिया आफूलाई स्विकार्य हुने बताए । कार्यक्रममा सोसाइटीका संस्थापक अध्यक्ष डा. राजेन्द्र चापागाईँ, डा. भूमिराज बस्ताकोटी, प्रेमनारायण ढकाल, कल्याण पन्तलगायतले टिप्पणी गरेका थिए । कार्यक्रमको सञ्चालन सचिव नेपालप्रकाश अधिकारीले गरेका थिए । सोसाइटीले हरेक महिनाको अन्तिम शनिवार कुनै पुस्तक वा विषयमाथि परिचर्चा गर्दै आएको छ।

# पछिल्लो ...

प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७६/७७ मा दुई हजार तीन सय एक निवेदन आएकामा चालु आवको फागुन २३ सम्म १२ हजार सात सय ८९ निवेदन आएका हुन् । त्यस्तै आव २०७७/७८ मा तीन हजार नौ सय छ, आव २०७८/७९ मा चार हजार छ सय ८६ र आव २०७९/८० मा नौ हजार १३ निवेदन परेको प्रहरी प्रधान कार्यालयले उल्लेख गरेको छ । प्रहरीका अनुसार चालु आवको फागुन २३ गतेसम्म अनलाइन माध्यमबाट पीडित बालकका एक सय ६४, बालिकाका दुई सय ४२, महिलाका पाँच हजार सात सय तीन, पुरुषका छ हजार एक सय ७७ र अन्यमा पाँच सय तीन गरी जम्मा १२ हजार सात सय ८९ निवेदन प्रधान कार्यालयमा आएका छन् । साइबर ब्यूरोका प्रहरी उपरीक्षक तथा प्रवक्ता दीपकराज अवस्थीले अनलाइन ठगी, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गर्ने, वेभसाइट ह्याकिङ लगायतका अपराधका विभिन्न स्वरुपमध्ये पछिल्लो समय ब्यूरोमा आर्थिक ठगीका निवेदन बढी आएको जानकारी दिनुभयो।

# यु १३ नाईन ए साईड फुटबल प्रतियोगिताको उपाधि संगम एकेडेमीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

पोखरामा पहिलो पटक आयोजना गरिएको यु १३ नाईन ए साईड फुटबल प्रतियोगिताको उपाधि संगम एकेडेमीले जितेको छ।

शनिबार पोखरा रंगशाला बैकल्पिक फुटबल मैदानमा भएको फाईनल खेलमा लेकसाईडको ब्लु स्प्यारो एकेडेमीलाई १-० गोलले पराजित गर्दै संगम एकेडेमीले उपाधिसहित नगद २० हजार रुपैयाँ प्राप्त गर्यो । नियोङ



गुरुङको निर्णायक गोलमा सगमले उपाधि जित्न सफल बन्यो । पोखरा महानगरपालिका वडा नं १३ को आयोजना, संगम क्लबको सहयोग तथा कास्की जिल्ला फुटबल संघको समन्वयमा भएको यु १३ फुटबल प्रतियोगितामा कास्कीका विभिन्न १२ वटा एकेडेमीले सहभागिता जनाएको थिए । प्रतियोगितामा संगमका नियोङ सर्वोत्कृष्ठ खेलाडी घोषित भए । त्यस्तै सर्वाधिक गोलकर्ताको पुरस्कार पनि उनैले थापे । मिडफिल्डरको पुरस्कार संगमकै अस्कर अलीले प्राप्त गरे । डिफेण्डरको पुरस्कार ब्लु स्प्यारोका रोहित दाहालले पाउँदा उत्कृष्ठ गोलकिपरको पुरस्कार भने संगमका सिदान गुरुङ ले पाए । उनीहरुले जनही ५ सय रुपैयाँ प्राप्त गरे । विजेताहरुलाई कास्की जिल्ला फुटबल संघका अध्यक्ष उज्वल रन्जित, पोखरा महानगरपालिका वडा नं १३ का वडाध्यक्ष किरण बरालसहित विभिन्न व्यक्तित्वले पुरस्कार प्रदान गरेका थिए।

# पर्वतको बनौँलाई खुला बास्केटबल प्रतियोगिताको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

पर्वतको बनौँ बास्केटबल टोली पोखरामा सञ्चालन भएको खुला बास्केटबल प्रतियोगिताको पुरुषतर्फ च्याम्पियन बनेको छ । पुन एकता क्लब पोखराले महाशिवरात्रि पर्वका अवसरमा प्रतियोगिता आयोजना गरेको हो।

रामघाटस्थित पुन समाज घरको बास्केटबल कोर्टमा सञ्चालन भएको गण्डकी प्रदेशस्तरीय प्रतियोगिताको आज सम्पन्न फाइनलमा कास्कीको मर्दीखोला बास्केटबल टिमलाई ७७-६७ स्कोरले हराउँदै बनौँले उपाधि जितेको हो । च्याम्पियन बनेको बनौँले रु एक लाख नगदसहित ट्रफी र मेडल पुरस्कार प्राप्त गर्दा उपविजेता मर्दीखोलाले रु ५० हजार पुरस्कारमा चित्त बुझायो । यसैगरी महिलातर्फ अन्नपूर्ण गाउँपालिकाले उपाधि जितेको छ। फाइनलमा अमिचि क्याफेलाई ९-७ स्कोरले पराजित गर्दै अन्नपूर्ण च्याम्पियन बनेको हो। च्याम्पियन बनेको अन्नपूर्णले रु २० हजार र उपविजेता र अमिचिले रु १० हजारसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो। भेट्रान्सतर्फ लामाचौर एक्स एबिसीलाई ५४-४० स्कोरले हराउँदै प्रथम भयो। उपाधि जितेको लामाचौरले रु ३५ हजार र द्वितीय भएको एबिसीले रु १७ हजार पाँच सय नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र हात पार्‍यो । प्रतियागितामा पुरुषतर्फ बनौँका पुस्कल छन्त्याल र महिलातर्फ अन्नपूर्णकी कुसुम गुरुङ र भेट्रान्सतर्फ लामाचौरका गमप्रसाद पुर्जा सर्वोत्कृष्ट खेलाडी घोषित हुनुभयो । प्रतियोगिताको विजेता टोली तथा खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य राजेश गुरुङ, कास्की जिल्ला बास्केटबल सङ्का अध्यक्ष कृष्ण गुरुङ, प्रतियोगिता संयोजक तथा कर्पाकेली परिवारका अध्यक्ष क्याप्टेन रनसिंह गर्बुजा, क्लबका अध्यक्ष सुदीप पुर्जालगायतले पुरस्कार वितरण गर्नुभयो। समापान समारोहमा राखेप सदस्य गुरुङले प्रतियोगिताले आगामी वर्ष हुने दशौं राष्ट्रिय खेलकुदमा खेलाडी उत्पादनमा सघाउ पुग्ने आफूहरूको अपेक्षा रहेको बताउनुभयो । यही फागुन २२ गतेदेखि सुरु भएको प्रतियोगितामा पुरुष, महिला र भेट्रान्स गरी तीन विधामा सञ्चालन गरिएको अध्यक्ष पुर्जाले जानकारी दिनुभयो। प्रतियोगितामा पुरुषतर्फ १९, महिलातर्फ सात र भेट्रान्सतर्फ छ टिमको सहभागिता रहेको थियो।

# नाटक 'रिफण्ड' आजदेखि पब्लिक शोमार्फत मञ्चन

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन


फागुन १४ गतेदेखि पोखरा थिएटरको गन्धर्व नाटकघरमा 'बुकिङ शो' मार्फत मञ्चन भइरहेको नाटक 'रिफण्ड' आजदेखि 'पब्लिक शो' मा मञ्चन भएको छ।

यही फागुन २८ गतेसम्म मञ्चन हुने नाटक आज दिउँसो १ बजे, आइतबार र सोमबार साँझ ५ बजे मञ्चन गरिने पोखरा थिएटरका अध्यक्ष परिवर्तनले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म बुकिङ शोमार्फत १४ पटक मञ्चन भएको नाटक करिब तीन हजार दर्शकले हेरिसकेका छन्। पब्लिक शोमार्फत नाटक हेर्न रू दुई सय शुल्क निर्धारण गरिएको छ।

हङ्गेरियन लेखक फ्रिज क्यारेन्थिले सन् १९३८ मा लेखेको यो नाटकलाई नारायण न्यौपानेले नेपालीमा अनुवाद गर्नुभएको छ। कक्षा ११ को अनिवार्य अङ्ग्रेजी विषयमा समावेश भएको ४० मिनेट अवधिको नाटकले घोकन्ते शिक्षाभन्दा व्यावहारिक र सीपमूलक शिक्षामा जोड दिएको छ।

नाटकमा रमेशबाबु तिमल्सिना, धनकाजी श्रेष्ठ, मिलन श्रेष्ठ, रोहित पौडेल, आदित्य सुनार, ज्योति हमाल, सुशन पौडेल र रोशनी रामदामको अभिनय हेर्न पाइन्छ। पोखरा थिएटरको प्रस्तुतिमा तयार भएको नाटकको निर्देशन पोखरा थिएटरको अध्यक्षसमेत रहनुभएका परिवर्तले गर्नुभएको छ।

पछिल्लो समयमा नाटकप्रति स्कुलमा अध्ययनरत विद्यार्थीको आकर्षण बढेको भन्दै थिएटरको संयोजनमा पोखराका १७ विद्यालयमा नाटकको कक्षा सञ्चालन भइरहेको थिएटरका संस्थापक सदस्य दीलप्रसाद गुरुङले जानकारी दिनुभयो।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# नाउपामा खैलाबैला

नागरिक उन्मुक्ति पार्टीमा कुन गठबन्धनमा जाने भन्नेबारे अध्यक्ष रन्जिता श्रेष्ठ र उनका पति नेता रेशम चौधरी बीच विवाद छ । रेशम चौधरीलाई निर्वाचन आयोगले नागरिक उन्मुक्ति पार्टीको अध्यक्ष मान्न नसकिने निर्णय दिएको छात्यसको सुदूरपश्चिम सरकारमा शुक्रवार राती सुदूरपश्चिम प्रदेशमा नियुक्त भएका मन्त्रीहरूलाई फिर्ता हुन निर्देशन दिए पनि सो पार्टीका संरक्षक तथा रन्जिताका श्रीमान् रेशम चौधरी पुरानो गठबन्धनअनुसार नै अगाडि जाने र सुदूरपश्चिम सरकारमा सहभागी पार्टीका मन्त्रीहरू फिर्ता नहुने बताए । नयाँ उदाएका दलमा पुराना भन्दा बढी चलखेल र गतिशीलताका कारण सहज बनाएको छ ।

'पार्टीमा अन्तरद्वन्द्वलाई बढाउनु हुँदैन, कुनै ठाउँमा उहाँ (अध्यक्ष रञ्जिता श्रेष्ठ) ले मन्त्रीहरू सरकारबाट फिर्ता आउनुपर्छ भन्ने बोल्नुभएको होला । हाम्रो पार्टीमा सरकारमा पठाउँदा र फिर्ता गर्दा केन्द्रीय समितिको निर्णय चाहिन्छ भन्ने छ । केन्द्रीय समितिको बैठकको निर्णय सबैले स्वीकार गर्नुपर्छ' बुटवलमा शनिवार पत्रकारहरूसँग कुरा गर्दै नेता चौधरीले भने, 'सुदूरपश्चिम सरकारमा गएका मन्त्रीहरू फिर्ता हुनेछैनन्, केन्द्रीय समितिको बैठकले यो समस्याको समाधान गर्नेछ ।' शनिवार सुदूरपश्चिम प्रदेशका मन्त्रीहरूलाई बर्दियामा भेटेर बुटवलमा उनले लुम्बिनी प्रदेशका मन्त्री तथा सांसदहरूलाई गोप्य भेला गरेका छन् । लुम्बिनी प्रदेशमा पुरानो गठबन्धनलाई साथ दिने गरी उनले मुख्यमन्त्री डिल्ली चौधरीलाई आफू तथा सांसदहरूलाई राखेर भेट्ने गरी बुटवलमा गएका छन ।

नाउपामा निर्वाचित भएका उनलाई अवैधानिक ठहर गरेर उनकी श्रीमती रन्जिता श्रेष्ठलाई अध्यक्ष कायम गरिदिएपछि पार्टीभित्र तीव्र असन्तुष्टि देखिएको छ । यही कारण सुदूरपश्चिम प्रदेश सरकारमा सहभागी विषयमा पनि दुई धार देखिएको हो । रेशमको निर्देशन बमोजिम शुक्रवार तीन मन्त्री सरकारमा पठाए पनि पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठले सरकार छाड्न निर्देशन दिएपछि उनीहरूको आन्तरिक विवाद सतहमा आएको छ । साना दलमा समस्या रहेकोले अहिले बनेको एमाले-माओवादी गठबन्धनको भविष्यलाई सजिलो छैन । अहिलेको संरचनाले देशलाई अस्थिरता बढाएको र स्थिर सरकार बनाएर लामो समय सरकार चलाउन पाउनुपर्ने बाध्यता छा एउटा कार्यकारी पद राष्ट्रपति वा प्रधानमन्त्री छानेर जानुपर्ने छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वस्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्फनुहोस् ।


# गलेश्वरमा चार लाख भेटी सङ्कलन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ फागुन

बेनी नगरपालिका-९ स्थित गलेश्वरमन्दिरमा महाशिवरात्रिका दिन रु चार लाखभन्दा बढी भेटी सङ्कलन भएको छ ।

महाशिवरात्रि पर्वका अवसरमा शुक्रबार गलेश्वरमा पूजाआजा र दर्शन गर्न आएका भक्तजनले चढाएको भेटी आज बिहान गनिएको हो । यस वर्षको महाशिवरात्रि पर्वमा रु चार लाख २९ हजार तीन सय ८८ भेटी सङ्कलन भएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका कोषाध्यक्ष गौमाया पुनले जानकारी दिनुभयो ।

पश्चिमको पशुपतिनाथका रूपमा परिचित गलेश्वरमा शिवरात्रिमा म्याग्दीका साथै पर्वत, बागलुङ, कास्की, चितवन, तनहुँ, स्याङ्जा, राजधानी काठमाडौँलगायत स्थानबाट करिब ५० हजार भक्तजन दर्शन गर्न आएका कोषाध्यक्ष पुनले बताउनुभयो । महाशिवरात्रि पर्वमा कालीगण्डकी स्नान र गलेश्वरमा पूजाआजा गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको छ । खेतीबाली लगाउने किसान फुर्सद, मौसम अनुकूल र बेनी-गलेश्वर सडक कालोपत्र भएकाले विगतको तुलनामा यसपालि भक्तजन आगमन बढेको कोषका सदस्य सचिव बलबहादुर खत्रीले बताउनुभयो ।

जिल्ला प्रहरी, सशस्त्र प्रहरी, सामुदायिक प्रहरी, विभिन्न विद्यालय, क्लब र आमा समूहका स्वयंसेवकको सहभागितामा महाशिवरात्रि मेलालाई व्यवस्थित गरिएको थियो । साउनको सोमबार, बालाचतुर्दशी र शिवरात्रिको भोलिपल्टै र अन्य समयमा मासिक रूपमा भेटी गन्ने गरिएको छ । गत साउनदेखि यता रु ३७ लाख ९८ हजार सात सय पाँच भेटी सङ्कलन भएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका कार्यालय सचिव राम बानियाँले जानकारी दिनुभयो । गलेश्वरमा सङ्कलन भएको भेटी शालिग्राम वेद विद्याश्रम, ज्येष्ठ नागरिक आश्रम, कोषको कार्यालय सञ्चालन र भौतिक पूर्वाधार निर्माणमा खर्च गरिने कोषका उपाध्यक्ष बमबहादुर पुनले बताउनुभयो ।

# उच्च शिक्षा पढ्ने विद्यार्थीलाई अनुदान

**पोखरापत्र संवाददाता**
पर्वत, २६ फागुन

सरकारले माध्यमिक तहसम्मको पठनपाठन निःशुल्क उपलब्ध गराउँदै आएको छ । उच्च शिक्षा पढ्नका लागि भने विद्यार्थीले शुल्क भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आर्थिकरूपमा सबल विद्यार्थीले शुल्क तिरेरै भए पनि गुणस्तरीय शिक्षा लिइरहेका छन् ।

आर्थिकरूपमा विपन्न परिवारका विद्यार्थीले भने बीचैमा पढाई छाडेर बस्नुपर्ने वा विदेश पलायन हुने गरेको अवस्थालाई मध्यनजर गर्दै पर्वतको महाशिला गाउँपालिकाले उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई अनुदान उपलब्ध गराउन थालेको छ । उच्च शिक्षामा राम्रो विषय लिएर पढ्ने विद्यार्थीको सङ्ख्या न्यून हुँदै जाँदा मुलुकमा मात्र हैन पालिकामा पनि आवश्यक दक्ष जनशक्तिको अभाव भएपछि अनुदान नै दिएर पढाउन थालिएको हो । दक्ष जनशक्तिको उत्पादनका लागि उच्च शिक्षासम्म पढ्न प्रोत्साहित गर्ने उद्देश्यले यो कार्यक्रम लागू गरिएको गाउँपालिका कार्यालयले जनाएको छ ।

गाउँपालिकाले उच्च मावि र स्नातक वा स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीलाई छुट्टाछुट्टै अनुदान दिने भएको हो । उच्च माविमा गणित, विज्ञान तथा स्टाफ नर्स अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहनस्वरुप वार्षिक रू ५० हजार उपलब्ध गराइने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरि पराजुलीले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्ष विपन्न तथा जेहेन्दार छ जना विद्यार्थीलाई उक्त अनुदान उपलब्ध गराइनेछ ।

विपन्न तथा असहाय परिवारका विद्यार्थीलाई उच्च शिक्षामा सहज पहुँच पुऱ्याउनका लागि मेडिकल, इञ्जिनियरिङ, कृषि र भेटेरीनरी विषयमा स्नातक तह अध्ययन गरिरहेका वा अध्ययन गर्न इच्छुकलाई पनि अनुदान दिइने पराजुलीले बताउनुभयो । "यस्ता विद्यार्थीलाई वार्षिक रू एक लाख अनुदान उपलब्ध गराइने छ । जतिसुकै सङ्ख्यामा भए पनि स्नातक तहका विद्यार्थीलाई अनुदान दिने छौँ", उहाँले भन्नुभयो । आर्थिक अभावका कारण कोही पनि विद्यार्थी गुणस्तरीय शिक्षा लिनबाट वञ्चित नहोउन् भन्ने उद्देश्यले विद्यार्थी अनुदान कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाले गत आइतबार सूचना जारी गरी १५ दिनभित्र इच्छुक विद्यार्थीलाई पालिकामा सम्पर्क गर्न आग्रह गरिसकेको छ । अहिले पनि गाउँपालिकामा कृषि, पशु, स्वास्थ्यसम्बन्धी जनशक्ति र गणित तथा विज्ञान पढाउने शिक्षकको अभाव रहेको भन्दै यी विषय अध्ययन गर्ने विद्यार्थीलाई वार्षिक रू एक एक लाखका दरले चार वर्षसम्म अनुदान दिइने अध्यक्ष भुसालले जानकारी दिनुभयो । पालिकामा विज्ञान र गणित पढाउने शिक्षकको अभाव लामो समयदेखि खड्किँदै आएको भन्दै पटकपटक सूचना गर्दा पनि यी विषयका शिक्षक पदपूर्ति गर्न नसकिएको अध्यक्ष भुसालको भनाइ छ । "पालिकाभित्रबाट उच्च शिक्षा पढ्ने विद्यार्थीलाई चार वर्षसम्म सहयोग गर्नेछौँ । उक्त कार्यक्रम दक्ष जनशक्ति उत्पादन गर्न लागू गरिएको हो", उहाँले भन्नुभयो ।

उक्त सुविधा लिने विद्यार्थीले पढाइ सकिएपछि न्यूनतम दुई वर्ष पालिकामा सेवा गर्नुपर्ने सर्त राखिएको गाउँपालिकाका अध्यक्ष भुसालले बताउनुभयो । यस्तो अनुदानले विद्यार्थीलाई मासिक शुल्क भुक्तानी र स्टेशनरी खरिद लगायतमा सहजता हुने अपेक्षा पालिकाको छ । पछिल्ला केही वर्षयता गाउँपालिकाले शिक्षाको गुणस्तर वृद्धिलाई जोड दिँदै आएको छ । पालिकाका सबै सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यममा पनि पठनपाठन थालिएसँगै विद्यार्थीको सङ्ख्या बढ्दै गएको छ । जिल्लाका सात पालिकामध्ये निजी विद्यालय नभएको महाशिला मात्रै रहेको अध्यक्ष भुसालले बताउनुभयो ।

# दृष्टि बिहिनहरुकालागि ५ हप्ते रेडियो प्रस्तोता तथा कम्प्यूटर तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन




नेत्रहिन विद्यार्थी फाउण्डेसन पोखराको आयोजनामा रेडियो प्रस्तोता तथा कम्प्यूटर तालिम सम्पन्न भएको छ ।

दृष्टिविहिन विद्यार्थीलाई लक्षित गर्दै पोखरामा पाँच हप्तासम्म सञ्चालन भएको तालिम शनिबार सम्पन्न भएको हो । तालिममा कास्कीसहित ८ जिल्लाका २० जना सहभागिलाई एक कार्यक्रमकाबिच सहभागिताको प्रमाणपत्र वितरण गर्दै तालिमको समापन गरिएको छ । तलिममा सहभागिताको प्रमाणपत्र वितरण गर्दै कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष दीपेन्द्र श्रेष्ठले तालिममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्न निरन्तर अभ्यास गर्न आग्रह गरे । तालिमका प्रमुख प्रशिक्षकसमेत रहेका श्रेष्ठले भने, 'तपाइहरुको काउण्ट डाउन अहिलेबाटै शुरु भयो, हामीसँग श्रोत होइन सोँचको अभाव छ, टिम स्प्रिटलाई ख्याल गर्दै एउटा स्तरिय रेडियो म्यागजिन प्रोग्राम प्रोडक्सन गर्न सके ७७ जिल्लाका रेडियोले प्रशारण गर्न सक्छ ।' नेपाल नेत्रहिन संघ कास्कीका अध्यक्ष श्रीकान्त सापकोटाले दृष्टिविहिनहरुको वैकल्पिक आँखा सेतो छडी भए जस्तै तालिमले सहभागि प्रशिक्षार्थीहरुको हौसला बढाउने आफूले विश्वास लिएको बताए । उनले भने, 'हामी दृष्टि बिहिनहरुका लागि वैकल्पिक आँखा सेतो छडी भएजस्तै आत्मविश्वास बढाउन यस तालिमले महत्पूर्ण भूमिका खेल्ने मेरो विश्वास छ ।' यस्तै हौसला बढाउन अपाङ्गताका क्षेत्रमा काम गर्ने विभिन्न सरोकारवाला निकायहरुको भूमिका महत्वपूर्ण रहेको बताउँदै उनले प्रशिक्षार्थीहरुलाई नेपाल नेत्रहिन संघ कास्कीले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

दृष्टिबिहिन चिकित्सक डा. शरद कोइरालाले तालिमले सम्बन्धित विषयवस्तुमा मार्ग निर्देश गर्ने बताए । उनले तालिमपछि आफ्नो गन्तव्यको ढोका खुल्ने भन्दै सिकेका सिपमार्फत लक्ष्यमा सफल हुने गरि आगामी यात्रा तय गर्न सुझाव दिए । कार्यक्रम संयोजक शिवलाल धितालले संस्थाको बारेमा जानकारी दिँदै संस्थाले आयोजना गरेको तालिम इतिहासमा लिपिवद्ध हुने बताए । उनले सहभागिहरुको सक्रिय सहभागिताबाट आफु हर्षित भएको बताए । उनले भविष्यमा यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा सिटीवान टेलिभिजनका प्रबन्ध निर्देशक अनिषा श्रेष्ठ, नोभा इन्स्टिच्युडका सञ्चालक सबि शेरचन, चिफ ब्रोडकास्टिङ म्यानेजर विष्णु गौतम, संस्थाका कोषाध्यक्ष रबिना सुवेदी, कम्प्यूटर प्रशिक्षक दीपक अधिकारी लगायतले दृष्टिविहिनहरुको वृत्तिविकास हुने खालका कार्यक्रमहरुलाई आगामी दिनमा पनि निरन्तरता दिन आग्रह गरे । यस्तै प्रशिक्षार्थीहरु शेरजंग गुरुङ, सजना गुरुङ, मनिसा पोखरेलले तालिमले आफुहरुको आत्मविश्वाससँगै आफ्ना भनाईहरु निर्धक्कसँग प्रस्तुत गर्न सक्षम बनाएको बताए । बेसिक लेभलको कम्प्यूटरको तालिमपश्चात अब आफुहरुलाई एड्भान्स लेभलको तालिमको सञ्चालन गर्न आग्रह गरे । कार्यक्रम संयोजक धितालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन अध्यक्ष विन्दु कोइराला सुवेदीले गरेकी थिइन् ।

# महाप्रभुधाम पर्यटकीय क्षेत्र विकास समितिमा नवराज

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन



महाप्रभुधाम रतन पाण्डे पर्यटकिय क्षेत्र विकास समिति, पोखरा १३ आर्वाको पाचौं अधिवेशनले आगामी कार्यकाल का लागि नवराज बरालको अध्यक्षतामा १३ सदस्यिय नयाँ कार्यसमिति सर्वसम्वत चयन गरेको छ ।

समितिको उपाध्यक्षमा सूर्यप्रसाद बराल र भद्रीमाया बराल, सचिवमा भोजराज बराल, सहसचिवमा जगदिश बराल तथा कोषाध्यक्षमा बुद्धिप्रकाश बराल चुनिएका छन् । यस्तै कार्यसमिति सदस्यहरुमा घनश्याम बराल, कृष्ण प्रसाद बराल, नारायणप्रसाद बराल, बिनोद बराल, भोजराज बराल, तारा बराल र सकुन्तला परियार छानिएका छन् ।

अधिवेशनको उद्घाटन गर्दै प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं १३ का अध्यक्ष कीरण बरालले पोखरा १३ को मात्र नभई नेपालकै प्रसिद्ध धार्मिक तथा पर्यटकिय स्थल महाप्रभुधामको संरक्षणमा सबै एक भएर जुट्नु पर्ने समय आएको बताए । उनले महाप्रभुधाम को गुरुयोजना तयार भएको भन्दै केहि दिनमा पोखरा महानगर पालिका सँगको सहकार्यमा सार्वजनिक गरिने जानकारी दिए । अध्यक्ष बरालले महाप्रभुधाम आर्वा डाँडा भनेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित भैसकेकोले अब यहाँ निर्माण गर्नुपर्ने सम्पूर्ण संरचनाहरुको काम वडा कार्यालयले धमाधम काम शुरु गर्ने भन्दै यो महाअभियानमा आर्वाली नै सम्पूर्णरुपले लाग्नु पर्ने उनको भनाई थियो । महाप्रभुधाम रतन पाण्डे पर्यटकीय क्षेत्र विकास समितिका उपाध्यक्ष नवराज बरालको अध्यक्षतामा भएको अधिवेशनमा बिशेष अतिथि वरिष्ठ मुर्तिकार विष्णुप्रसाद बरालले महाप्रभुधाममा अर्धनारेश्वर ॐ को विशाल मुर्ती बनाउने योजना रहेको भन्दै सबै क्षेत्रबाट सहयोग हुनुपर्ने बताए ।

कार्यक्रममा पत्रकार श्रीराम सिग्देल, समाजसेवी योगराज बराल, समितिका पूर्व सचिव युवराज बराल, निर्वाचन समितिका संयोजक बसन्त शर्मा अधिकारी, सदस्य द्वय बिमलबहादुर बराल तथा लिलादत्त बराल लगायतले आर्वाको डाँडामा रहेको महाप्रभुधामको बिकाशमा सबै एक भएर लाग्नु पर्ने बताएका थिए । समितिका सदस्य कृष्ण प्रसाद बरालले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन सचिव भोजराज बरालले गरेका थिए ।

# अष्ट्रेलियन पर्वतारोही एली पेपरले अक्सिजनबिना अन्नपूर्ण हिमाल चढ्ने

**रासस**
काठमाडौं, २६ फागुन

अष्ट्रेलियन पर्वतारोही एली पेपरले अक्सिजनबिना अन्नपूर्ण हिमाल चढ्ने हुनुभएको छ ।

अष्ट्रेलियन पर्वतारोही पेपरले शनिबार यहाँ पत्रकार सम्मेलन गरी सन् २०२६ भित्र बिनाअक्सिजन विश्वका आठ हजार मिटर अग्ला १४ हिमाल आरोहण गर्ने लक्ष्य लिएको जानकारी दिनुभयो । उहाँले यही बसन्त ऋतुमा अन्नपूर्ण-१ चढ्न लागेको बताउनुभयो ।

"मेरो आफ्नै आरोहण शैलीका कारण मैले तोकेको समयमा लक्ष्य हासिल गर्ने कुरामा म विश्वस्त छु", पेपरले भन्नुभयो । उहाँले कपनको सेभेन समिट ट्रेक्समार्फत बिनाअक्सिजन अन्नपूर्ण हिमालको आरोहण गर्न लाग्नुभएको हो । पेपरले सन् २००७ मा तिब्बतको माउन्ट चोयु हिमाल बिनाअक्सिजन आरोहण गर्नुभएको थियो । पेपरले सन् २०२३ को जुलाई १५ मा ब्रोडपिक र सन् २०२३ को सेप्टेम्बर २८ मा मनास्लु हिमालको सफल आरोहण गरिसक्नुभएको छ ।

ब्रोडपिक बिनाअक्सिजन सफल आरोहण गर्ने उहाँ पहिलो अष्ट्रेलियाली महिलासमेत हुनुहुन्छ । विश्वमा हालसम्म छ जना आरोहीले मात्र बिनाअक्सिजन आठ हजार मिटरभन्दा अग्ला १४ हिमालको सफल आरोहण गरिसकेका छन् ।

# उत्पादनले बजार नपाउँदा महिला उद्यमी मर्कामा

पोखरापत्र संवाददाता
बागलुङ, २६ फागुन

बागलुङको तमानखोला गाउँपालिका–३ तमान गाउँका १५ जना उत्साहित महिला मिलेर ढाका उद्योग सञ्चालन गर्नुभयो। उहाँहरूले निरन्तर ढाका बुन्न थाल्नुभयो तर आफ्ना उत्पादनले बजार नपाउँदा अहिले निरास बन्नुभएको छ।

उत्पादित ढाकाले गोदाम भरिँदै गए पनि माग निकै कम हुने गरेको छ। ती सामग्री बेच्न उहाँहरू कहिले बुर्तिबाङ बजार त कहिले म्याग्दीसम्म पुग्नुहुन्छ। लाखौंको लगानीका सामग्री गोदाममै थन्किएका उहाँहरूको गुनासो छ। तमान गाउँको कल्याण आमासमूहले सञ्चालन गरेको उद्योगमा हाल १५ जना महिला आबद्ध हुनुहुन्छ। विसं २०७५ मा सङ्घम परामर्श केन्द्र बागलुङले १५ दिने प्रशिक्षण दिएपछि उहाँहरूले उद्योग सञ्चालन गर्नुभएको हो। प्रारम्भमा रु ४५ हजार लगानीमा सुरु गरिएको उद्योगबाट अहिले करिब रु सात लाखको सामग्री तयार भएका छन्। आफ्ना उत्पादनले बजार नपाउँदा आफैँले बोकेर ग्राहक खोज्दै हिँड्नुपर्ने बाध्यता भएको समूहकी अध्यक्ष टीकादेवी बुढा घर्तीले रासससलाई बताउनुभयो।

उद्योगबाट ढाकाको सल, टोपी, लुङ्गी, दोसल्ला, खादालगायत सामग्री उत्पादन गर्ने गरेको उहाँको भनाइ छ। विगतको तुलनामा उत्पादनले बजार पाए पनि सोचेअनुसारको नहुँदा समस्या भएको घर्तीले बताउनुभयो। बिहान बेलुका घरका कामधन्दा गर्ने र दिउँसोको समय निकालेर उद्योगमा काम गर्दै आएको भन्दै उत्पादनले बजार नपाउँदा दुःख लाग्ने घर्ती बताउनुहुन्छ।

उद्योगमा एक जनाले महिनाको ३५/४० हजारको सामग्री तयार गर्ने गरेको सुनाउँदै बिक्री नहुँदा एक हजार पनि कमाउन मुस्किलपर्ने उहाँले गुनासो गर्नुभयो। "फुर्सदको समयमा काम गर्छौं राम्रो बजार हुन्थ्यो भने पूरै समय दिएर काम गर्ने थियौं, तर समय निकालेर काम गर्दा पनि धेरै कपडाहरू बनाएका छौं, एक जनाले हजारौंको काम गर्छौं, तर बिक्री नहुँदा कहिले त एक हजार पनि पाउन मुस्किल छ", उहाँले भन्नुभयो, "सामानले कोठा भरिएका छन्, कहिलेकाहीँ नजिकैका ग्राहकहरू आएर सामान लैजानु हुन्छ, टाढाबाट भने आउनुहुन्न, बजार पाउन गाह्रो भएको छ।" समूहमा काम गर्दै आउनुभएकी जुनुमाया घर्तीमगरले सुरुमा निकै उत्साहित भएर काम गरेको भन्दै अहिले उत्पादनले बजार नपाउँदा जाँगर मर्दै गएको बताउनुभयो। आफूहरू विस्तारै राम्रो हुँदै जानेमा आशावादी भने रहेको उहाँको भनाइ छ। समयसमयमा गाउँपालिकाले प्रयोजनका लागि खरिद गरेर प्रोहोत्सान गरे पनि बजारीकरणका लागि पहल हुन नसकेको उहाँले बताउनुभयो। सरकारले बजारीकरणको व्यवस्थापन गरिदिए अझै धेरै महिलाले यसबाट स्वरोजगार हुने उहाँ बताउनुहुन्छ। उहाँले भन्नुभयो, "गाउँमा घुम्न आउनेले राम्रो लागेर टोपी, लुङ्गी, खादा र दोसल्ला किनेर लैजानुहुन्छ तर सोचेअनुसार बिक्री भएको छैन। समय मिलाएर हामी बजारमा पुग्छौं, गाउँमा जान्छौं, मेलापर्वमा अलिअलि बिक्री हुन्छ, बजारको मात्रै समस्या छ, अरु सबै हामीले मिलाएका छौं।" तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले महिला उद्यमीलाई मेशिनलगायत अन्य सहयोग गरिएको भन्दै बजारीकरणका लागि पहल थालेको बताउनुभयो। समयसमयमा महिला उद्यमीहरूलाई प्रोत्साहन गर्दै आएको भन्दै उहाँले गाउँदेखि सहरसम्म आयातीत सामानको बढ्दो प्रयोगले स्थानीयस्तरमा उत्पादित वस्तुले बजार नपाएको बताउनुभयो। उद्यमीलाई बजार खोज्दै हिँड्नुपर्ने बाध्यताको अन्त्य गर्ने उहाँ बताउनुहुन्छ।

"पालिकाकोतर्फबाट सुरुमा मेशिन सहयोग गरिएको छ, पालिकाकै सहयोगमा भवन निर्माण पनि भइरहेको छ, उहाँहरूलाई हामीले प्राथमिकताका साथ सहयोग गर्दै आएका छौं यहाँका उत्पादनलाई हामीले प्राथमिकतामा राखेका छौं, हामीले महिला उद्यमीलाई निरन्तर सहयोग गर्नेछौं, मेला महोत्सवमा सामान बिक्रीका लागि लैजान यातायात खर्च र स्टल खर्चको बेहोर्ने योजना पनि बनाएका छौं, उद्योगलाई थप व्यवस्थित बनाउनका लागि पालिकाले अध्ययन गरिरहेको छ", उहाँले भन्नुभयो।

# पोखरा–१४ को शिवालय मन्दिर पुनःनिर्माण, सांसद केसीले गरे उद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, २६ फागुन



पोखरामहानगरपालिका–१४ को बाच्छीबुडुवामा सेती नदीले जमिन कटान गर्दा जोखिममा परेको शिवालय मन्दिर पुनःनिर्माण गरिएको छ। पुरानै मन्दिर भएको ठाउँको आडैमा बनाइएको नयाँ मन्दिरको शिवरात्रिको अवसरमा शुक्रबार गण्डकी प्रदेश सभा सदस्य प्रकाशबहादुर केसीले उद्घाटन गरे।

वर्षेनि कटानको जोखिममा पर्दै आएको मन्दिर छेउको ग्याबिन एक वर्षअघि नदीको कटानले बगाएको थियो। त्यसपछि करिब १४ लाख ७० हजार रूपैयाँ लगानीमा नयाँ मन्दिर निर्माण गरिएको हो। सांसद केसीको पहलमा प्रदेश सरकारबाट ११ लाख ५० हजार रूपैयाँ र स्थानीयको जनश्रमदान ३ लाख १२ हजार रूपैयाँमा पुनःनिर्माण भएको हो।

उद्घाटनपछि बोल्दै सांसद केसीले सेतीले गरेको कटान र वृद्धाश्रमको बारेमा आफूले संसदमा आवाज उठाइरहेको र आगामी दिनमा पनि आफ्नो दायित्वबाट पछि नहट्ने बताए। 'मेरो निर्वाचन क्षेत्रमा अरू वडा पनि पर्छन्। अरू ठाउँमा पनि मैले योगदान गर्नु मेरो दायित्व हो,' सांसद केसीले भने, 'आफू हुर्के–खेलेको ठाउँ भएकाले मन्दिर र वृद्धाश्रमको मलाई माया छ।' उनले वृद्धाश्रमलाई व्यवस्थित बनाउन आफूले प्रदेश सरकारसँग माग गरेको र त्यसको फलोअप गर्ने सुनाए।

कार्यक्रममा पोखरा–१४ का वडाध्यक्ष बोधबहादुर कार्की, मन्दिर व्यवस्थापन समिति अध्यक्ष गोकर्ण कार्की, मन्दिर पुनःनिर्माण समिति अध्यक्ष गुञ्जबहादुर कार्की, स्थानीय कमलनयन गौतमलगायत उपस्थित थिए।

कार्यक्रम सञ्चालन मन्दिर पुनःनिर्माण समिति सचिव रेशम जिसीले गरेका थिए।

# स्काउट गण्डकी प्रदेश परिषदको सपथ ग्रहण सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २६ फागुन



नेपाल स्काउट गण्डकी प्रदेश परिषद को प्रथम बैठक सम्पन्न भएको छ।

गत माघ २७ गते भएको प्रदेश परिषदको निर्वाचनमा गण्डकी प्रदेशबाट २२ जना स्काउटर बिजयी भएका थिए। नेपाल स्काउट राष्ट्रय कार्यकारी समिती सदस्य आशिर्वाद सुवेदिले निर्वाचितहरु लाई सपथग्रहण गराउनु भएको थियो। सोही अवसरमा नबनियुक्त प्रदेश आयुक्त सागर पौडेलले पदभार ग्रहण गर्नुभएको छ।

प्रदेश परिषद मा निर्वाचितहरु मध्यबाट निबर्तमान सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री सुसिला सिम्खडाले यहि फाल्गुन ६ गते नेपाल स्काउटको नियमावली ले गरेको ब्यबस्था बमोजिम प्रदेश आयुक्तको जिम्मेवारी प्रदान गर्नुभएको थियो। पदभार ग्रहण गरे सङै प्रदेश आयुक्त पौडेलले गण्डकी प्रदेशमा स्काउटिङ अभियान लाई सशक्त रुपमा सन्चालन गरिने र आगामी दिनहरुमा व्यापक रुपमा स्काउट तालिमको आयोजना सङै बालबालिका लक्षित कार्यक्रमहरु सन्चालन गरिने बताउनु भयो।

बैठकमा नेपाल स्काउटका राष्ट्रय परिषद सदस्य शिव बहादुर भण्डारि, पुर्व राष्ट्रय तालिम आयुक्त नारायण प्रसाद पराजुली, पुर्व अन्तरास्ट्रिय आयुक्त शारदा पराजुली लगायतको उपस्थिति रहेको थियो।

स्काउट गण्डकी प्रदेश परिषद सदस्य अनिता राई, एलिसा बि.क,सुनिता लो,सरिता ढकाल, सकुन्तला सोती पौडेल, शर्मिला धमला, सोनु यराल,मना गुरुङ, लेकमाया पुन, अनिता पौडेल, अनुशा श्रेष्ठ, महेन्द्र उपाध्याय, ईश्वर सुवेदी, हरिराम अधिकारी, मात्रिका प्रसाद आचार्य, गंगाधर बराल, साजन सुवेदी, अर्जुन नेपाली, बिनय पराजुली, भिम प्रसाद सुवेदी, अरुण कुमार शर्मा काफ्ले लगाएतले सपथ खाएका थिए।

# भाषा लोप हुँदा मेटिएको इतिहास खोजी गर्दै कुहूँ

पोखरापत्र संवाददाता
म्याग्दी, २६ फागुन

सिरानमा घना जङ्गल। जङ्गलको पुछारमा मालिकादेविलाई शिरमा राखेर लोप भएको खाम भाषा र मेटिएको इतिहासको झझल्को दिँदै छ म्याग्दीको कुहूँ गाउँले।

जिल्लाको मङ्गला गाउँपालिका–१ मा पर्ने यो गाउँ चिटिक्क परेको छ। प्राकृतिक सौन्दर्य र यहाँको ऐतिहासिक महत्वले मगर बाहुल्यगाउँमा १७ औं शताब्दीको सुरुङमार्ग र तत्कालीन पर्वत राज्यसँग सम्बन्धित किंवदन्ती रहेका छन्। तर यहाँका मगरसमुदायले खाम भाषा र लिपिको संरक्षण गर्न नसक्दा इतिहास मेटिएको छ।

तत्कालीन पर्वत राज्यका राजाले प्रयोग गर्ने गरेको सुरुङमार्ग भेटिएको छ। जिल्लाकै सबैभन्दा पुरानो सुरुङमार्ग भए पनि प्रचारप्रसार र पूर्वाधारको अभावमा सो सुरुङमार्ग ओझेलमा परेको छ।

बाइसेचौबिसे राज्यअन्तर्गत तत्कालीन समयमा शक्तिशाली मानिएका राजा डिम्ब मल्लले शत्रुसँग सुरक्षित रहन प्रयोग गर्ने गरेको सो सुरुङमार्गको प्रचारप्रसार गरी आवश्यक पूर्वाधारको निर्माण गर्ने हो भने इतिहासका अध्येता र पर्यटकका लागि आकर्षक गन्तव्यस्थल बन्नसक्ने प्रशस्तै सम्भावना रहेको स्थानीय बुद्धिजीवी एवं दीपशिखा मावि कुहूँका भूतपूर्व प्रधानाध्यापक भद्रबहादुर जिसीले बताउनुभयो। उहाँका अनुसार म्याग्दीको प्रसिद्ध पर्यटकीय एवं धार्मिकस्थल मालिकाको धुरी जाने बाटोमा पर्ने सो सुरुङमार्गको लम्बाइ करिब ५० मिटर रहेको छ। पूर्व–पश्चिम फैलिएको सो सुरुङमार्गको पूर्वतिरबाट प्रवेश गरेर पश्चिमतर्फ ५० मिटरको दूरीमा रहेको मालिका मन्दिरमा निस्कन सकिन्छ।

गुफाको पूर्वतर्फ करिब ७० मिटरको दूरीमा तत्कालीन कुहूँले राजाको राजधानी रहेको थुमाको अवशेष मात्र बाँकी रहेको छ। गाउँको शिरानमा उच्च स्थानको समथर मैदानमा राजधानी थुमामा काजिला (सानो दरबार) बनाएर तत्कालीन पर्वते राजा बस्ने गर्दथे भन्ने किंवदन्ती रहेको छ। १६.२ वर्ग किमी क्षेत्रफलमा फैलिएको यो गाउँमा दुई हजार, नौ सय, ४२ जनसङ्ख्या रहेको छ। मगरको बाक्लो बस्ती रहेको कुहूँ गाउँ प्राकृतिक, ऐतिहासिक, जैविक र सांस्कृतिक सम्पदाले महत्वपूर्ण भए पनि भाषाको अभावमा कैयौं सम्पदा पहिचान गर्न नसक्दा यो गाउँको इतिहास उजागर हुन नसकेको मङ्गला गाउँपालिका–१ का वडाध्यक्ष एकजित रोकाले बताउनुभयो। "पछिल्लो समय कुहूँ पुर्ख्यौली समाजले आफ्नो भाषा र यसको इतिहासको खोजी गरिरहेको छ, मगर खाम भाषाको लिपिको पनि खोजी हुँदैछ", वडाध्यक्ष रोकाले बताउनुभयो। मगर जातिका मगर ढुट, काइसे र खाम गरी तीन वटा भाषा प्रचलनमा रहेका रहेका छन्। म्याग्दीको कुहूँका मगरले खाम भाषा बोल्ने गरेका र अहिले त्यहाँ खाम भाषा लोप भइसकेकाले त्यस क्षेत्रको इतिहासका बारेमा धेरै कुरा बाहिर आउन नसकेको उहाँको भनाइ छ। चिटिक्क परेको बाक्लो बस्ती, खेतीका लागि उर्वर जमिन, प्राकृतिक सुन्दरताले ऐतिहासिक महत्वको ठाउँ भएर पनि कुहूँ गाउँ बत्तिमुनिको अध्यारो नियतिलाई भोग्न बाध्य भएको छ। यहाँ रहेको १७औं शताब्दीको सुरुङ, मालिका देवीको किंवदन्ती, गाउँको शिरानमा रहेको जङ्गलमा रहेका जैविक सम्पदा, ऐतिहासिक पर्वत राज्यमा कुहूँले गरेको योगदान आदि विषय खाम भाषा र लिपिको अभावका कारण इतिहासको गर्भमा नै रहेका स्थानीय टेक रोकाले बताउनुभयो। उहाँका अनुसार सुरुङ रहेको स्थानको पूर्वतर्फबाट तामाको सिक्का खसाल्ने हो भने त्यो सिक्का बजेको आवाज तीन मिनेटसम्म सुन्न सकिन्छ। सुरुङ रहेको पहराको शिरानबाट म्याग्दीका अधिकांश गाउँ, हिमशृङ्खला र वनजङ्गलको मनमोहक दृश्य देखिन्छ। स्थानीय ज्येष्ठ नागरिकका अनुसार सो सुरुङको प्रवेश भाग मालिका मन्दिरको छेउबाट कुखुराको भाले भित्र छिराउने हो भने हालको बेनी नगरपालिका–४, सिङ्गा तातोपानीमा रहेको प्राकृतिक चिकित्सालय तातोपानी कुण्डको छेउमा रहेको ओढारबाट निस्कने गरेको किंवदन्ती रहेको छ। सो सुरुङको भित्रितर्फको मध्यभाग दुईतिर फैलिएको छ। पूर्व–पश्चिम सिधा मार्ग रहेको छ भने सुरुङभित्र तलतिर जाने ओढार पनि रहेको बताइन्छ। सुरुङको प्रचारप्रसार गरी त्यसको ऐतिहासिक महत्वका बारेमा बुझाउन र देखाउनसके हो भने सो स्थान म्याग्दीको आकर्षक ऐतिहासिक विरासत बोकेको पर्यटकीय स्थान हुनसक्ने स्थानीय बुद्धिजीवीको भनाइ छ।

# महिला उद्यमी मेलामा स्थानीय उत्पादनलाई प्राथमिकता

पोखरापत्र संवाददाता
दमौली, २६ फागुन

तनहुँको दमौलीमा शुक्रबारदेखि सुरु भएको महिला उद्यमी मेलामा स्थानीय उत्पादनलाई प्राथमिकता दिइएको छ। महिला उद्यमी सङ्घ तनहुँको आयोजनामा दमौलीको खुला मैदानमा सुरु भएको मेलामा तनहुँका अतिरिक्त मुस्ताङबाटसमेत महिला उद्यमीले स्थानीय उत्पादन बिक्रीवितरणका लागि ल्याएका छन्।

मेलामा तनहुँभित्रका सङ्घमा आबद्ध विभिन्न इकाइबाट महिलाका अतिरिक्त मुस्ताङको घरपझोङ गाउँपालिका–३ बाट स्थानीय उत्पादन बिक्री वितरणका लागि ल्याइएको छ। मार्फा, फलफूल तथा तरकारी प्रशोधन उद्योगका सञ्चालक सुकुना रसाइलीले मुस्ताङमा उत्पादित विभिन्न सामग्री बिक्री वितरण तथा प्रदर्शनीका लागि ल्याएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "महिला उद्यमीले उत्पादन गरेका सामग्री बिक्री वितरण गर्ने कार्यक्रम हुँदैछ भन्ने जानकारीमा आएपछि दमौली आइपुगेका हौं। मेलामा मुस्ताङमा उत्पादित अर्गानिक सामग्री बिक्रीका लागि राखिएका छन्।" रसाइलीका अनुसार सिस्नोको पाउडर, जिम्बु, आलुको चिप्स, रातो मकै, टिमुरको छोप, स्याउको जुस बिक्रीका लागि राखिएको छ। मेलामा हालै मात्र सीप सिकेर साबुन बनाएका महिलाले झोल साबुन बिक्रीका लागि राखेका छन्। म्याग्दे गाउँपालिकाको सहयोगमा सीप सिकेका महिलाले आत्मनिर्भर बन्दै आयआर्जनका लागि झोल साबुन बिक्रीका लागि राखेका हुन्। मेलामा व्यास नगरपालिका–११ महिलाले थाकलबाट बनाइएको टोपी प्रदर्शन तथा बिक्रीका लागि राखेका छन्।

अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर सङ्घले पहिलो पटक व्यापार प्रदर्शन एवं प्रवर्द्धन मेला आयोजना गरेको हो। महिला उद्यमीले उत्पादन गरेका सामग्री बिक्री वितरण गर्ने उद्देश्यसहित मेला आयोजना गरिएको सङ्घकी अध्यक्ष निर्मला मल्लले जानकारी दिनुभयो। उत्पादित सामग्रीको बजारीकरणमा सहयोग पुऱ्याउन मेलाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उहाँको भनाइ छ। अध्यक्ष मल्लले भन्नुभयो, "परम्परागत सीप र पेसालाई प्रवर्द्धन गर्न र स्थानीय उत्पादन बिक्रीका लागि मेला सहयोगी हुने विश्वास लिएका छौं। यसले महिला उद्यमीलाई थप प्रोत्साहन हुनेछ।" उहाँका अनुसार मेलामा ५० स्टल रहेका छन्।


## Galyang Municipality
## Office of The Municipal Executive
Galyang, Syangja

## Invitation for Bids (IFB)
for
**Supplying of Mini Triller, Combined Mill, Chaff Cutter and Brush Cutter for Galyang Municipality**

**IFB NO: 11-2080/81**
**First Date of Publication: 2024/03/10 (2080/11/27)**

1. Galyang Municipality invites electronic bids from eligible bidders for Supplying of Mini Triller, Combined Mill, Chaff Cutter and Brush Cutter for Galyang Municipality under national competitive bidding – Single stage Single Envelope Bidding procedures.

| S. N. | Contract No. | Description of work | Estimate Amount (Excluding VAT) | Bid Security Amount NRs | Last Date of Bid Submission | Bid Opening Date and Time | Cost of Bidding Document NRs |
|---|---|---|---|---|---|---|---|
| 1. | Contract ID: GM/SYA/NCB/ GOODS/ 11/2080/081 | Supplying of Mini Triller, Combined Mill, Chaff Cutter and Brush Cutter for Galyang Municipality | 47,65,000/- | 1,20,000/- | 2024/04/09 12.00 Hours | 2024/04/09 14.00 Hours | 3,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Galyang Municipality, Galyang, Syangja, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**